(११) कुनै एक उपाध्यक्षको अनुपस्थितिमा सम्बन्धित उपाध्यक्षले गर्ने काम गर्न अध्यक्षले अर्को उपाध्यक्षलाई जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

तर, कुनै कारणवश दुवै जना उपाध्यक्ष अनुपस्थित भएको अवस्थामा ज्येष्ठ प्राज्ञ सदस्यलाई अध्यक्षले उपाध्यक्षको रुपमा काम गर्न जिम्मेवारी तोक्न सक्नेछ।

(१२) उपाध्यक्षको छनौटको विधि र मापदण्ड प्राज्ञ सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१३) उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

२१. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> प्रज्ञा-प्रतिष्ठानका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

(क) अनुसन्धान संस्थान र संबन्धित केन्द्रको कार्यक्रम कार्यान्वयनको नेतृत्व गर्ने र आवश्यकता अनुसार निकाय प्रमुखहरूलाई निर्देशन दिने;

(ख) प्रज्ञा-प्रतिष्ठानको अनुसन्धानात्मक र नवप्रवर्तनात्मक कार्यहरूको सञ्चालन, रेखदेख र समन्वय गर्ने;

(ग) प्रज्ञा-प्रतिष्ठानको अनुसन्धान र नवप्रवर्तनको वैज्ञानिक गुणस्तरको अभिवृद्धि गर्ने योजना तथा कार्यक्रम बनाउने;

(घ) वार्षिक बजेटको अधिकतम् दुई प्रतिशतसम्मको आकस्मिक खर्चको स्वीकृति दिन सक्ने र सोको जानकारी अध्यक्ष मार्फत् कार्यकारी परिषदमा अनिवार्य पेश गर्ने;

(ङ) मातहतका पदाधिकारी तथा कर्मचारीहरूको दैनिक कार्य सञ्चालन, बिदा, र साना खरिदको स्वीकृति दिने;

(च) सभाको सदस्य-सचिवको जिम्मेवारी वहन गर्ने उपाध्यक्षले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्ने; सो निर्णय वा आदेशको एक प्रति अध्यक्ष समक्ष पठाउनु पर्नेछ।

(छ) अध्यक्षबाट प्रत्यायोजित अधिकारको प्रयोग गरी प्रतिष्ठानका तोकिएका कार्यहरू सम्पादन गर्ने।

२२. <u>अध्यक्ष र उपाध्यक्षको योग्यताः</u> (१) अध्यक्ष र उपाध्यक्ष हुनका लागि देहायको योग्यता पुगेका व्यक्ति उम्मेदवार हुन सक्नेछन् ।

(क) नेपाली नागरिक भएको र नियुक्तिको बखत पैंसठ्ठी वर्ष ननाघेको।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(ग) नियुक्ति हुनुअघि तीन वर्षभित्र कुनै राजनीतिक दलको सदस्य वा कुनै निर्वाचनको उम्मेदवार नरहेको र पदमा रहँदा कुनै राजनीतिक दलसँग आबद्ध नहुने,

(घ) विज्ञान, प्रविधि वा नवप्रवर्तनको कुनै विधामा विद्यावारिधि हासिल गरेको,

(ङ) वैज्ञानिक अनुसन्धान वा संस्थाको व्यवस्थापनमा अध्यक्षको हकमा कम्तीमा तीन वर्षको र उपाध्यक्षको हकमा कम्तीमा दुई वर्षको अनुभव भएको,

(च) अन्तर्राष्ट्रिय स्तरको जर्नलमा कम्तीमा दश शोधपत्र प्रकाशित गरेको,

नेपाल सरकार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय काठमाडौं, नेपाल

महावीर पुन

(छ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा कम्तीमा १५ वर्ष सक्रिय अध्ययन अनुसन्धान गरेको,

(ज) मान्यताप्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय वैज्ञानिक पुरस्कार वा सो सरहको मान्यता प्राप्त गरेको,

(झ) कम्तीमा दुई वटा प्रमुख अनुसन्धान परियोजनाको नेतृत्व गरेको,

(ञ) कम्तीमा एक वटा पेटेन्ट वा बौद्धिक सम्पत्ति दर्ता गराएको,

(ट) विश्वविद्यालय वा अनुसन्धान संस्थानमा प्राध्यापक वा वरिष्ठ अनुसन्धानकर्ताको पदमा रही कम्तीमा चार जना विद्यावारिधि शोधार्थीहरूको शोधकार्य सफलतापूर्वक सुपरिवेक्षण गरेको,

(ठ) बौद्धिक चोरी वा अनुसन्धान नैतिकताविपरीतको कार्यमा दोषी नठहरिएको,

(ड) प्रज्ञा-प्रतिष्ठानसँग कुनै ठेक्का पट्टा, आर्थिक लाभ, वा अन्य स्वार्थको द्वन्द नगाँसिएको ।

२३. <u>जिम्मेवारी तोक्न सक्नेः</u> प्रज्ञा-प्रतिष्ठानको अध्यक्षको रिक्त भई प्रतिष्ठानको कार्यसञ्चालनमा बाधा पर्ने भएमा बढीमा तीन महिनाका लागि वरिष्ठतम् उपाध्यक्षले अध्यक्षको रुपमा काम गर्ने गरी मन्त्रीले तोक्न सक्नेछ ।

२४. <u>पद रिक्त राख्न नहुनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको अध्यक्ष वा उपाध्यक्षको पद तीन महिना भन्दा बढी रिक्त राख्न पाइनेछैन ।

२५. <u>पदमुक्त हुनेः</u> (१) पदाधिकारीहरू देहायको अवस्थामा पदमुक्त हुनेछः

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) कानूनी रूपमा अयोग्य ठहरिएमा

(ङ) प्रतिष्ठानको हित बिपरितका कार्यमा सलग्न भएको प्रमाणित भएमा

(२) उपदफा (१) खण्ड (घ) र खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा निजलाई सफाईको मौका दिइनेछ ।

२६. <u>पदबाट हटाउन सकिनेः</u> (१) सभाका कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यले देहायको कुनै आधारमा अध्यक्ष वा उपाध्यक्षलाई पदबाट हटाउन मन्त्री समक्ष लिखित निवेदन दिन सक्नेछन्ः

(क) भ्रष्टाचार वा सार्वजनिक स्रोतको दुरुपयोग,

(ख) अनुसन्धान नैतिकता र आचारसंहिताको उल्लङ्घन,

(ग) स्वार्थको द्वन्द्वमा संलग्नता,

(घ) शारीरिक वा मानसिक अक्षमता,

(ङ) पद अनुकूलको कर्तव्य पूरा नगरेको ।

महावीर पुन

(२) अध्यक्ष वा उपाध्यक्षले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन मन्त्री समक्ष लिखित निवेदन दिएमा मन्त्रीले सभाको कुनै निर्वाचित सदस्यको अध्यक्षतामा मन्त्रालयको सचिव र सभाको एक सदस्य रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(३) छानबिन समितिको सिफारिसमा मन्त्रीले छानबिन अवधिभर बढीमा छ महिनासम्म निजलाई निलम्बन गर्न सक्नेछन् ।

(४) छानबिनको क्रममा आपराधिक कसुर देखिएमा सम्बन्धित निकायमा जानकारी गराउनुपर्नेछ।

(५) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी एक्काइस दिनभित्र आफ्नो प्रतिवेदन मन्त्री समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि मन्त्रीले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(७) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा दोषी देखिएमा प्राज्ञ सभाले अध्यक्ष वा उपाध्यक्षलाई पदबाट हटाउने छ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(८) अध्यक्ष, उपाध्यक्ष बाहेक प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यहरूलाई आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया प्रज्ञा सभाले तोके बमोजिम हुनेछ ।

(९) यस दफा बमोजिम कुनै पदाधिकारी उपर निलम्वनमा राखी छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ ।निजले निलम्बन अवधिको आधा पारिश्रमिक पाउनेछ।

(१०) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि मन्त्रीले प्रज्ञा-प्रतिष्ठानको जेष्ठतम् निर्वाचित प्राज्ञ सभा सदस्यलाई जिम्मेवारी तोक्न सक्नेछ।

## परिच्छेद–७

## ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान

२७. **ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्रको स्थापना:** (१) प्रज्ञा प्रतिष्ठानमा ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्र रहनेछ ।

(२) केन्द्रको प्रमुख तोकिएको प्रज्ञा-प्रतिष्ठानका उपाध्यक्ष हुनेछन ।

(३) केन्द्रमा देहाय बमोजिमका इकाईहरू रहनेछन;

(क) ब्रेन गेन इकाई र

(ख) आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाई।

(४) केन्द्रको संगठनात्मक संरचना, जनशक्ति, पद तथा सेवा-सुविधा तोकिएबमोजिम हुनेछ।

(५) केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा अन्य सेवा-सुविधा प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराउनेछ।

२८. **ब्रेनगेन इकाईको काम, कर्तव्य तथा अधिकार:** ब्रेन गेन इकाईको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) देश तथा विदेशमा रहेका नेपाली, गैरआवासीय नेपाली तथा विदेशी वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा विशेषज्ञको ज्ञान, सीप, अनुभव, प्रविधि तथा विशेषज्ञतालाई राष्ट्रिय हितमा मुर्त वा अमुर्त रुपमा आकर्षित, परिचालन, पुनःसंलग्न तथा आदानप्रदान गर्ने;

(ख) यस प्रयोजनका लागि तोकिएबमोजिम भ्रमणकारी, अल्पकालीन, आंशिक वा आभासी रूपको नियुक्ति दिन र मन्त्रालय तथा अर्थ मन्त्रालयको सहमतिमा तोकिएको पारिश्रमिक दायरा (ब्यान्ड) भित्र पारिश्रमिक तोक्ने

(ग) फर्केर आउने वा आमन्त्रित विज्ञका व्यक्तिगत अनुसन्धान उपकरणको भन्सार सहजीकरण र तोकिएबमोजिमका सुविधा उपलब्ध गराउने ।

(घ) राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रतिभा परिचालन तथा ज्ञान र प्रविधि हस्तान्तरणका लागि ब्रेन गेन कार्यक्रम, फेलोसिप तथा अन्य उपयुक्त कार्यक्रम सञ्चालन गर्ने;

(ङ) प्रज्ञा-प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रमसँग समन्वय गरी कार्य गर्ने;

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग, निजी क्षेत्र तथा सम्बन्धित अन्य निकायसँग प्रतिभा, ज्ञान, सीप, प्रविधि तथा विशेषज्ञताको आदानप्रदान तथा सहकार्य गर्ने;

(छ) ब्रेनगेनसम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्ने;

(ज) खण्ड (क) देखि (छ) बमोजिमका कार्यको सञ्चालन, कार्यनीति तथा अन्य व्यवस्था तोकिएबमोजिम गर्ने।

२९. **आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको काम, कर्तव्य तथा अधिकार:** आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः

(क) विज्ञान तथा प्रविधिका क्षेत्रमा नयाँ वैज्ञानिक ज्ञान, सिद्धान्त, विधि तथा प्रमाणको सिर्जना, विकास तथा परीक्षण गर्ने तथा त्यस्तो ज्ञानलाई भविष्यमा व्यावहारिक प्रविधि तथा नवप्रवर्तनमा रूपान्तरण गर्न आवश्यक वैज्ञानिक आधार तयार गर्ने;

(ख) वैज्ञानिक स्वतन्त्रता, सत्यनिष्ठा, उत्कृष्टता तथा दीर्घकालीन उपयोगितालाई आधार मानी उच्चस्तरीय आधारभूत वैज्ञानिक अनुसन्धान तथा विकास सञ्चालन गर्ने;

(ग) प्रज्ञा-प्रतिष्ठानको नीति, रणनीति तथा अनुसन्धान प्राथमिकताअनुरूप अनुसन्धान तथा विकासका कार्यक्रम सञ्चालन गर्ने;

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्था, विश्वविद्यालय, उद्योग तथा निजी क्षेत्रसँग अनुसन्धान, विकास, ज्ञान तथा प्रविधिको आदानप्रदान तथा सहकार्य गर्ने;

(ङ) आधारभूत विज्ञान तथा सम्बन्धित क्षेत्रमा अनुसन्धान, आविष्कार तथा प्रवर्द्धन गर्ने;

(च) अनुसन्धानबाट प्राप्त ज्ञान, प्रविधि तथा उपलब्धिलाई उपयुक्त क्षेत्रमा हस्तान्तरण तथा उपयोगका लागि सहजीकरण गर्ने;

(छ) अनुसन्धान तथा विकाससम्बन्धी कार्यक्रम, कार्यनीति, सहकार्य, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम गर्ने।

## परिच्छेद-८

## व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन

३०. व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको स्थापनाः (१) वैज्ञानिक ज्ञान, अनुसन्धान परिणाम, सिर्जनात्मक विचार तथा प्रविधिलाई प्रयोगयोग्य नवप्रवर्तन, प्रविधि, उत्पादन तथा सेवामा रूपान्तरण गर्न प्रज्ञा-प्रतिष्ठानमा एक व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र रहनेछ।

(२) केन्द्रको प्रमुख प्रज्ञा-प्रतिष्ठानले तोकेको उपाध्यक्ष हुनेछ।

(३) केन्द्रको संगठनात्मक संरचना, जनशक्ति, पद, भौतिक पूर्वाधार तथा सेवा-सुविधा तोकिएबमोजिम हुनेछ।

(४) केन्द्रमा देहायबमोजिमका इकाईहरू रहनेछन्;

(क) ग्रासरुट नवप्रवर्तन इकाई

(ख) अनुसन्धान तथा विकास, प्रविधि अनुकुलन र नवप्रवर्तन इकाई

(ग) राष्ट्रिय प्राथमिकताका नवप्रवर्तन इकाई

(घ) आवश्यकतानुसारका अन्य इकाई ।

(५) इकाईहरूको ढाँचा, काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

३१. व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको काम, कर्तव्य तथा अधिकारः केन्द्रको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा प्राप्त ज्ञान, अनुसन्धान परिणाम, सिर्जनात्मक विचार तथा सम्भावनायुक्त अवधारणाको परीक्षण, विकास, नमूना तथा प्रोटोटाइप निर्माण गरी उपयोगी प्रविधि, उत्पादन वा सेवामा रूपान्तरण गर्ने;

(ख) अनुसन्धानबाट प्राप्त ज्ञान, प्रविधि तथा नमूनालाई प्रयोगयोग्य प्रविधिमा रूपान्तरण गर्न आवश्यक प्राविधिक विकास, इन्जिनियरिङ, अनुकूलन तथा स्थानीयकरणसम्बन्धी कार्य गर्ने;

(ग) विद्यमान वा आयातित प्रविधिको राष्ट्रिय आवश्यकता, स्रोतसाधन, वातावरणीय अवस्था तथा स्थानीय परिस्थितिअनुकूलता परीक्षण गरी आवश्यक सुधार, अनुकूलन तथा स्थानीयकरण गर्ने;

(घ) विकसित, अनुकूलित वा स्थानीयकृत प्रविधिको प्रयोगात्मक परीक्षण गरी कार्यसम्पादन, विश्वसनीयता, सुरक्षा, लागत तथा उपयोगिताको मूल्याङ्कन, प्रमाणीकरण र आवश्यक सुधार तथा परिमार्जन गर्ने;

(ङ) प्रविधि तथा नवप्रवर्तनको विकास, परीक्षण, मूल्याङ्कन तथा प्रमाणीकरण गर्ने;

(च) प्रविधि तथा नवप्रवर्तनको विकास, हस्तान्तरण, विस्तार तथा प्रयोगात्मक कार्यान्वयनका लागि सहजीकरण गर्ने;

(छ) प्रविधि विकास, अनुकूलन तथा परीक्षणका क्रममा प्राप्त प्राविधिक तथ्य, परीक्षण परिणाम, अनुभव तथा सिकाइको अभिलेखीकरण गरी आगामी अनुसन्धान तथा प्रविधि विकासमा उपयोग गर्ने;

(ज) अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि स्वदेश तथा बिदेशका विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग, निजी क्षेत्र, लगानीकर्ता, स्टार्टअप, नवप्रवर्तक सँग संजाल निर्माण र सहकार्य गर्ने;

(झ) केन्द्रको कार्यसम्पादनका लागि आवश्यक अन्य व्यवस्था, कार्यविधि तथा सहकार्य तोकिएबमोजिम गर्ने।

## परिच्छेद-९

## प्रज्ञा-प्रतिष्ठानको कोष, लेखा तथा लेखा परिक्षण

३२. **प्रज्ञा-प्रतिष्ठानको कोषः** (१) प्रज्ञा-प्रतिष्ठानको एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्: -

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रज्ञा-प्रतिष्ठानको लागि दान, दातव्य र आर्थिक सहायता स्वरूप प्राप्त भएको रकम,

(ग) प्रज्ञा-प्रतिष्ठानले सेवा दिएवापतको आम्दानी, बौद्धिक सम्पत्ती, लगानी तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम

(घ) विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोषबाट अनुसन्धान तथा विकास र नवप्रवर्तनका लागि प्रस्ताव पेश गरी सो बमोजिम प्राप्त रकम ।

(३) प्रज्ञा-प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रज्ञा-प्रतिष्ठानको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछैन ।

(५) प्रज्ञा-प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) कोषको रकम विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धान र विकास बाहेक अन्य प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछैन ।

(७) प्रज्ञा-प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(८) विदेशी सरकार, द्विपक्षीय वा बहुपक्षीय निकायबाट अनुदान वा सहयोग लिंदा नेपाल सरकारको वैदेशिक सहायतासम्बन्धी नीति र प्रक्रिया पालना गर्नुपर्नेछ र त्यसको अभिलेख अर्थ मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ।

(९) स्रोत नखुलेको वा प्रज्ञा-प्रतिष्ठानको स्वायत्तता, वैज्ञानिक निष्कर्ष वा राष्ट्रिय हितमा प्रतिकूल असर पर्ने शर्त जोडिएको दान, अनुदान वा सहयोग स्वीकार गर्न पाइने छैन।

३३. <u>लेखा र लेखापरीक्षणः</u> (१) प्रज्ञा-प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न प्रज्ञा-प्रतिष्ठानमा छुट्टै आन्तरिक लेखापरीक्षण इकाई रहनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानमा कार्यकारी पद नभएका सदस्यको संयोजकत्वमा एक लेखापरीक्षण समिति रहनेछ।

(४) आन्तरिक लेखापरीक्षण इकाईले सो समितिलाई प्रतिवेदन दिनेछ।

(५) प्रज्ञा-प्रतिष्ठानको रकम दुरुपयोग गरेको ठहरिएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(६) प्रज्ञा-प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(७) लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फछ्र्यौट लागि कार्ययोजना बनाई लागू गरिनेछ।

३४. <u>काम कारबाही अवैध नमानिनेः</u> प्रज्ञा-प्रतिष्ठानको कुनै पदाधिकारीको स्थान रिक्त भई वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटि भई काम कारवाही भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारबाई अवैध मानिने छैन ।

## परिच्छेद-१०

## <u>जनशक्ति व्यवस्थापन र पदपूर्ति सम्बन्धी व्यवस्था</u>

३५. <u>वैज्ञानिक तथा कर्मचारी नियुक्तिः</u> (१) प्रज्ञा-प्रतिष्ठानले आवश्यकता अनुसार वैज्ञानिक, प्राविधिक, प्रशासनिक तथा अन्य पदमा नियुक्ति गर्नेछ। वैज्ञानिक, अनुसन्धानकर्ता, नवप्रवर्तक कर्मचारी र प्रशासनिक कर्मचारीको अनुपात कूल संख्याको अनुपात ७५:२५ भन्दा बढी हुनेछैन ।

(२) वैज्ञानिक पदको पदपूर्ति खुला प्रतिस्पर्धाद्वारा समकक्षी विज्ञसहितको पदपूर्ति समितिको सिफारिसमा कार्यकारी परिषद्ले गर्नेछ।

महावीर पुन

(३) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) परियोजना अनुसार वैज्ञानिकको प्रारम्भिक नियुक्ति एक वर्षको परीक्षण अवधिसहित पाँच वर्षको हुनेछ। स्वतन्त्र समकक्षी समीक्षासहितको कार्यसम्पादन मूल्याङ्कनका आधारमा तोकिएबमोजिम स्थायी (टेन्योर) नियुक्ति दिइने वा नवीकरण नगरिने व्यवस्था हुनेछ।

(५) कर्मचारी तथा वैज्ञानिकको स्थायी नियुक्ति, अवकाश, जनशक्ति व्यवस्थापन, बढुवा र सेवा सर्त, सुविधा, पारिश्रमिक र अन्य शर्त तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-११
## विविध

३६. **विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रसँगको सम्बन्धः** (१) प्रज्ञा-प्रतिष्ठानले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी प्रचलित कानूनबमोजिम मन्त्रालयद्वारा स्थापित विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रसँग समन्वय र सहकार्य गर्नेछ ।

(२) विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि नेपाल विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रज्ञा प्रतिष्ठानले प्रस्ताव गरे बमोजिम केन्द्रले औचित्यका आधारमा अनुदान उपलब्ध गराउनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानले उच्चस्तरीय वैज्ञानिक अनुसन्धान, अत्याधुनिक (फ्रन्टियर) प्रविधि विकास, वैज्ञानिक परामर्श र प्राज्ञ प्रणालीको नेतृत्व गर्नेछ।

(४) राष्ट्रिय अनुसन्धान प्राथमिकता निर्धारण, अनुदान वितरण तथा अनुसन्धान संस्थाहरूबीच दोहोरोपन नहुने गरी कार्यविभाजन मन्त्रालयले तोकेबमोजिम हुनेछ।

३७. **अन्तर्राष्ट्रिय भूमिकाः** प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको वैज्ञानिक प्रतिनिधित्व गर्ने, अन्तर्राष्ट्रिय प्राज्ञिक संस्था वा वैज्ञानिक सम्मेलनमा सहभागी हुने, संयुक्त अनुसन्धान सञ्चालन गर्ने, विश्वप्रसिद्ध वैज्ञानिकलाई आतिथ्य गर्ने, वैज्ञानिक आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय आवश्यकता र औचित्यका आधारमा वैज्ञानिक अभियानमा सहभागी हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा गोपनीयता, सुरक्षा र नैतिक मापदण्ड अपनाउनुपर्ने मापदण्ड तोकिएबमोजिम हुनेछ।

३८. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐन बमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा प्रज्ञा-प्रतिष्ठान वा प्रज्ञा-प्रतिष्ठानको कुनै पदाधिकारीउपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारबाही गरिने छैन।

तर यस दफाको कुनै कुराले भ्रष्टाचार निवारणसम्बन्धी प्रचलित कानून, लेखापरीक्षण वा सार्वजनिक रकमको दुरुपयोगसम्बन्धी दायित्वलाई असर पर्ने छैन।

नेपाल सरकार
प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

३९. **अधिकार प्रत्यायोजन:** (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये नीति तथा बजेट स्वीकृति, पदाधिकारीको नियुक्ति वा पदमुक्तिसम्बन्धी अधिकार, नियम वा विनियम स्वीकृति र कार्यकारी परिषद्का सदस्यको चयन बाहेकका अधिकार कार्यकारी परिषद् वा अध्यक्षलाई लिखित रूपमा प्रत्यायोजन गर्न सक्नेछ; प्रत्यायोजनको अभिलेख राखिनेछ ।

(२) अध्यक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार प्रज्ञा-प्रतिष्ठानको उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार प्रज्ञा-प्रतिष्ठानका कुनै पदाधिकारी वा प्रज्ञा-प्रतिष्ठानको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४०. **नेपाल सरकारसँग सम्पर्क:** प्रज्ञा-प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय मार्फत राख्नेछ ।

(२) यस ऐनको उद्देश्य पूर्तिका लागि मन्त्रालयले प्रज्ञा-प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

४१. **वार्षिक प्रतिवेदन:** प्रज्ञा-प्रतिष्ठानको वार्षिक प्रतिवेदन चार महिनाभित्र सभामा पेश गर्नुपर्नेछ ।

४२. **कार्यसम्पादन समीक्षा:** प्रज्ञा-प्रतिष्ठानले प्रत्येक वर्ष स्वतन्त्र वैज्ञानिक तथा संस्थागत कार्य सम्पादन समीक्षा बाह्य विज्ञहरूको टोलीद्वारा गराउनेछ र त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

४३. **प्रज्ञा-प्रतिष्ठानलाई छुट र सुविधा:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको रजिष्ट्रेशन गर्नु पर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) प्रज्ञा-प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य, अनुदान तथा अनुसन्धान वा शैक्षिक प्रयोजनका गैर-व्यावसायिक आयमा आयकर लाग्ने छैन।

(३) रोयल्टी, इजाजत शुल्क, प्रविधि बिक्री तथा लगानीबाट प्राप्त आयमा प्रचलित आयकर कानूनबमोजिम कर लाग्नेछ;

तर, तोकिएबमोजिम अनुसन्धानमा पुनः लगानी गरिएको आयमा तोकिएबमोजिमको सुविधा पाइनेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले प्रदान गर्ने अनुसन्धान वा नवप्रवर्तन वृत्ति, वा पुरस्कारमा आयकर लाग्ने छैन ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(५) प्रज्ञा-प्रतिष्ठानले अनुसन्धान, विकास र नवप्रवर्तनको लागि आयात गर्ने सवारी साधन, वैज्ञानिक उपकरण तथा अनुसन्धान सामग्रीमा नेपाल सरकारका निकाय सरह भन्सार र अन्य कर छुट हुनेछ ।

(६) भन्सार तथा कर छुटमा खरिद गरिएको सवारी साधन वा उपकरण पाँच वर्षभित्र बिक्री गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमा छुट पाएको कर तथा भन्सार महसुल असुल गरिनेछ।

४४. <u>बौद्धिक सम्पत्ति बाँडफाँट:</u> (१) प्रज्ञा-प्रतिष्ठानको पूर्ण वा आंशिक स्रोतबाट सम्पन्न अनुसन्धानबाट सिर्जित बौद्धिक सम्पत्तिको पूर्ण स्वामित्व, प्रयोग र लाभ प्रचलित बौद्धिक सम्पत्ति कानून अनुसार अनुसन्धान गर्ने संस्था, समुह वा ब्यक्तिको हुनेछ।

(२) आविष्कारक वा सिर्जनाकर्तालाई तोकिए बमोजिमको प्राप्त प्रतिफलको हिस्सा उपलब्ध गराइनेछ।

(३) इजाजत वा स्पिन-अफ कम्पनीमा प्रज्ञा-प्रतिष्ठान वा त्यसका वैज्ञानिकको हिस्सा रहँदा स्वार्थको द्वन्द्व घोषणा गर्नुपर्नेछ र त्यस्तो लगानी अर्थ मन्त्रालयको सहमतिमा मात्र गर्न सकिनेछ।

४५. <u>अनुसन्धान नैतिकता तथा अखण्डता:</u> (१) प्रज्ञा-प्रतिष्ठानमा अनुसन्धान नैतिकता तथा जैविक सुरक्षा समिति रहनेछ; मानव वा पशुसँग सम्बन्धित अनुसन्धान सो समितिको स्वीकृति बिना गर्न पाइने छैन।

(२) अनुसन्धान अखण्डताको उल्लङ्घन उपर छानबिन गर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ।

(३) राष्ट्रिय सुरक्षासँग सम्बन्धित अनुसन्धानको गोपनीयता र प्रकाशन तोकिएको प्रक्रियाबमोजिम हुनेछ।

(४) अन्य अनुसन्धान दफा ४ को उपदफा (५) बमोजिम खुला रूपमा प्रकाशन हुनेछ।

४६. <u>अन्तर सरकार समन्वय र समावेशीकरण:</u> (१) प्रज्ञा-प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहका विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी निकायसँग समन्वय गर्न प्रत्येक प्रदेशमा आवश्यकता पुष्टि हुने गरि सम्पर्क बिन्दु (कार्यालय) स्थापना गर्न सक्नेछ। यस्तो निर्णय प्राज्ञ सभाको सदस्य संख्याको बहुमतले अनुमोदन गर्नेछ।

महावीर पुन

(२) प्रज्ञा-प्रतिष्ठानको सदस्यता, नियुक्ति र अनुदानमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र र समुदायको समावेशी प्रतिनिधित्वलाई ध्यान दिइनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

४७. **सदाचार, दण्ड सजाय र पारदर्शिताः** (१) प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी तथा प्राज्ञ सभा र कार्यकारी परिषद्का सदस्यले स्वार्थको द्वन्द्व घोषणा गर्नुपर्नेछ र सम्पत्ति विवरण प्रचलित कानूनबमोजिम पेस गर्नुपर्नेछ।

(२) प्रज्ञा-प्रतिष्ठानले सूचनाको हकसम्बन्धी प्रचलित कानूनबमोजिम सूचनाको स्वतः प्रकाशन गर्नुपर्नेछ र सूचनादाताको संरक्षण गर्नुपर्नेछ।

(३) प्रज्ञा-प्रतिष्ठानको सदस्य वा पदाधिकारीको झुटो परिचय दिने, वा प्राज्ञ सदस्य उपाधि दुरुपयोग गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

४८. **स्वीकृति लिनु पर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछः

(क) दरबन्दी सिर्जना,

(ख) पारिश्रमिक, भत्ता तथा अन्य सुविधाको निर्धारण वा वृद्धि,

(ग) अवकाश सुविधा,

(घ) ऋण वा जमानी,

(ङ) सरकारी अनुदानमा वृद्धि हुने गरी गरिने प्रतिबद्धता।

४९. **नियम, विनियम बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक नियम वा विनियम बनाउन सक्नेछ ।

(२) प्रज्ञा-प्रतिष्ठानले आन्तरिक व्यवस्थापनसम्बन्धी विनियम बनाउन सक्नेछ। तर कर्मचारीको सेवा, शर्त, पारिश्रमिक वा आर्थिक दायित्वसँग सम्बन्धित विनियम मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति बिना लागू हुने छैन।

५०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा वा अवरोध परेमा नेपाल सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ। तर, यसरी बाधा अड्काउ फुकाउँदा यस ऐनको मूल मर्म, प्राज्ञिक स्वायत्तता र संस्थागत स्वतन्त्रतामा प्रतिकूल असर पर्नेछैन।

५१. **खारेजी र बचाउ तथा संक्रमणकालीन व्यवस्थाः** (१) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम स्थापित प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण सम्पत्ति, अधिकार, दायित्व, सम्झौता तथा विचाराधीन कामकारबाही यस ऐन बमोजिम स्थापित प्रज्ञा-प्रतिष्ठानमा सर्नेछ।

(३) उपदफा (१) बमोजिम खारेज भएको ऐन अन्तर्गत बनेका नियम, विनियम यस ऐन बमोजिम नयाँ नियम, विनियम नबनेसम्म यस ऐनसँग बाझिएको हदसम्म बाहेक लागू रहनेछन्।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत कार्यरत कर्मचारीको सेवा, शर्त र सुविधा यस ऐन बमोजिम नयाँ व्यवस्था नतोकिएसम्म यथावत् रहनेछ र निजको आर्जित सेवा अवधि, बिदा तथा अवकाश सुविधा सुरक्षित रहनेछ।

(५) यस ऐन प्रारम्भ हुँदाका बखत खारेज भएको ऐन बमोजिम कायम रहेका प्राज्ञ सदस्यलाई तोकिएको योग्यता परीक्षण पश्चात् संस्थापक प्राज्ञ सदस्य मानिनेछ।

(६) यो ऐन प्रारम्भ भएको बढीमा छ महिनाभित्र प्राज्ञ सभाको पहिलो निर्वाचन तथा अध्यक्ष र उपाध्यक्षको नियुक्ति सम्पन्न गर्नुपर्नेछ। सो नभएसम्म मन्त्रालयले तोकेको पाँच सदस्यीय अन्तरिम व्यवस्थापन समितिले प्रज्ञा-प्रतिष्ठानको काम गर्नेछ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**महावीर पुन**
मन्त्री
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय